नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ९९

मिति :२०७७/०५/३०

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

विषयः दोस्रो विश्व विरामी सुरक्षा दिवस मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.२०७७/०७८ च.नं. DAC-४१ मिति २०७७/०५/२८ को दोस्रो विश्व विरामी सुरक्षा दिवस मनाउने सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम दोस्रो विश्व विरामी सुरक्षा दिवस मनाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

फा 456 २ १३० ।

संघीय मामिला म


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

☎०१-४२६२५४३
४२६२५९०
रामशाहपथ काठमाण्डौं


पत्र संख्याः २०७७/०७८
चलानीः DAC-41

मितिः २०७७।५।२८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १६२०
मितिः- २०७७।५।२८

विषयः दोस्रो विश्व विरामी सुरक्षा दिवस मनाउने सम्बन्धमा

उपरोक्त सम्बन्धमा विश्व स्वास्थ्य संगठनको आव्हानमा दोस्रो विश्व विरामी सुरक्षा दिवस (Second World Patient Safety Day, 17thSeptember, 2020) यही आश्विन १ गतेका दिन विश्व भरी नै "स्वास्थ्यकर्मीहरुको सुरक्षाः विरामी सुरक्षाको लागि प्राथमिकता" भन्ने मुख्य विषय र "सुरक्षित स्वास्थ्यकर्मी : सुरक्षित बिरामी" भन्ने मूल नाराका साथ मनाउन गइरहेको हुनाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/०५/२६ को (माननीय मन्त्रीस्तर) निर्णयले नेपालमा पनि यो दिवस सप्ताहव्यापी रुपमा **"स्वास्थ्यकर्मीको सम्मान गरौं : स्वास्थ्यकर्मी सुरक्षाको लागि आवाज उठाऔं"** भन्ने आव्हानका साथ विशेष तवरले मनाउने निर्णय गरिएको छ । यसै सिलसिलामा यो दिवस भव्यताका साथ निम्नानुसार क्रियाकलाप गरि मनाउनका लागि समपूर्ण स्थानीय तहहरुलाई समन्वय गरिदिन हुन हार्दिक अनुरोध छ ।

१. Patient Safety Day सम्बन्धि TV/Radio अन्तरवार्ता सञ्चालन गर्ने,
२. आफ्ना कार्यालयका नियमित कार्यक्रमहरुमा Patient Safety Day को बारेमा सप्ताहव्यापी रुपमा प्रचार प्रसार, बहस पैरवी गर्ने,
३. Patient Safety Day को उपलक्ष्यमा यस COVID -१९ महामारीको अवस्थामा बिरामी र स्वास्थ्यकर्मीहरुको सुरक्षाको बारेमा Virtual मिटिंगको माध्यमबाट आफ्नो मातहतमा रहेका स्वास्थ्य निकायहरुसंग छलफल र अन्तरक्रिया
४. Patient Safety Day को उपलक्ष्यमा यस COVID -१९ महामारीको अवस्थामा अहोरात्र खटिने स्वास्थ्यकर्मीहरुको सम्मानमा २०७७ आश्विन १ गते साँझ ७.३० बजे उपयुक्त स्थानमा दिप प्रज्वलन गर्ने र COVID -१९ को कारणले दिवंगत भएका बिरामीहरुको सम्मानमा १ मिनेट मौन धारण गर्ने,
५. Patient Safety Day को उपलक्ष्यमा यस COVID -१९ महामारीको अवस्थामा अहोरात्र खटिने स्वास्थ्यकर्मीहरुको सम्मानमा सम्पूर्ण नागरिकले आ-आफ्नो ठाउँ बाट २०७७ आश्विन १ गते साँझ ८.०० बजे दिप प्रज्वलन गर्न आव्हान गर्ने ।

(यशोदा अर्याल)
वरिष्ठ जनस्वास्थ्य प्रशासक

५।३०